Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# *हिमालका आवाज* कविताकृतिका कवितामा प्रतिरोध चेतना

**हेम भण्डारी**
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस ।
Email: suvabihani.mirmire@gmail.com
*doi: https://doi.org/10.3126/ppj.v4i01.70278*

**सारसङ्क्षेप**

*हिमालका आवाज कविताकृतिमा हिमाली सौन्दर्यलाई कविताको विषय बनाई पर्यावरण संरक्षणका पक्षमा आवाज उठाइएको छ । हिमसंस्कृतिलाई नेपाली संस्कृतिको पहिचानका रूपमा उभ्याई हाम्रो सांस्कृतिक गरिमालाई संरक्षण र विस्तार गर्नुपर्ने विचार प्रस्तुत गरिएको छ । जाति, वर्ग, लिङ्ग, पर्यावरण, राष्ट्रियता, मानवताजस्ता विषयमा कायम गरिएको शासकीय प्रभुत्व र त्यसले पुऱ्याएको असरको समीक्षा गरी यसमा नेपाली मौलिकताको जगेर्नाका पक्षमा प्रतिरोध निर्माण गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा प्रकटित प्रतिरोध नै प्रस्तुत अध्ययनसम्बद्ध प्रमुख प्राज्ञिक समस्या हो । यही समस्यालाई पृष्ठभूमिमा राखी यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय तथा राष्ट्रियता र मानवताका विषयमा अभिव्यक्त प्रतिरोधी विचार विश्लेषण तथा मूल्याङ्कनको उद्देश्य लिइएको छ । यस उद्देश्यको परिपूर्तिका निम्ति उद्देश्यमूलक नमुना छनोट विधिको अवलम्बन गरी पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक तथा पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध विषयमा प्रकटित प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरी कवितामा अभिव्यक्त प्रतिरोधी विचारको मूल्याङ्कन गरिएको छ । विश्लेष्य कवितामा संस्कृति, पर्यावरण, स्वाधीनता र मानवताको संरक्षणका पक्षमा विचार प्रकट गरी सभ्य र समुन्नत समाज निर्माणका लागि सचेतनाको सन्देश प्रस्तुत गरिएको छ । सचेत स्रष्टाको सिर्जनशीलता समाज रूपान्तरणका पक्षमा अग्रसर हुनुपर्ने मान्यता प्रकट गरिएका यी कवितामा वर्गीय, जातीय तथा लैङ्गिक समानताको अभिव्यक्ति पाइन्छ । राष्ट्रप्रेम, मानवता, पर्यावरण र संस्कृतिका पक्षमा सचेतनाको अभिमत प्रकट गरिएका कविताको विश्लेषणमार्फत प्रस्तुत अध्ययनमा हिमसंस्कृति नेपाली संस्कृतिको पहिचानको आधार भएको निष्कर्षमा पुगिएको छ । यसका साथै, नेपालीहरूले सामाजिक, सांस्कृतिक, आर्थिक तथा नैतिक धरातल निर्माण गरी मानवता, संस्कृति, पर्यावरण र स्वाधीनताको संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** पर्यावरण, प्रतिरोध, मानवता, संस्कृति, राष्ट्रियता ।

## १. विषयपरिचय

*हिमालका आवाज* दामोदर पुडासैनी 'किशोर' (२०१९) को नवौं कविताकृति हो । भ्रमणमा रुचिपूर्ण सहभागिता देखाई त्यसलाई साहित्यका पृष्ठमा उतार्ने पुडासैनीले ग्रामीण तथा मौलिक विषयलाई कवितामा प्रस्तुत गरेका छन् । भ्रमणमा भेटिएका विषयका माध्यमबाट कविताको लय सिर्जना गरी उनले समसामयिक राजनीतिक तथा सांस्कृतिक परिवेशको चित्र खिचेका छन् । कार्यका सिलसिलामा नेपालको हिमाली क्षेत्रमा रहँदा उनले त्यस समयलाई कविताको विषय सङ्कलन गर्ने अवसरका रूपमा सदुपयोग गरेका छन् । कविताको बोलीमा हिमाललाई राष्ट्रको प्रतीकका रूपमा प्रयोग गरी उनले वर्तमानका तमाम विकृति र विसङ्गतिप्रति गहिरो चिन्ता प्रकट गरेका छन् । प्रकृतिलाई नजिकबाट अवलोकन गरी उनले पर्यावरणप्रति चिन्ता र चासो व्यक्त गरेका छन् । उनको यस्तो विचार प्रतिरोधका तहमा प्रकट भएको पाइन्छ । विश्वपरिवेश, मानवता, प्रकृति, संस्कृति, राष्ट्रप्रेमजस्ता विषयलाई उनले कविताको विषय बनाएका छन् । वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवताका विषयमा प्रकटित प्रतिरोधी विचारका पृष्ठाधारमा अभिव्यक्त नेपाली संस्कृति, पर्यावरण र स्वाधीनता नै प्रस्तुत अध्ययनका मुख्य प्राज्ञिक समस्या हुन् । यस अध्ययनमा वर्गीय,

जातीय, लैङ्गिक र पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त भएको प्रतिरोधी विचारको विश्लेषण गरी स्वाधीनता, पर्यावरण र संस्कृतिको मूल्याङ्कन गर्ने उद्देश्य लिइएको छ । प्रतिरोध प्रभुत्वका विरुद्ध प्रतिप्रभुत्वको अवस्था हो । प्रतिप्रभुत्वले परिधीय शक्तिलाई क्रियाशील बनाउँछ । प्रतिप्रभुत्व प्रतिरोधी विचारका माध्यमबाट देखा पर्ने विषय हो । शक्तिमा रहेको वर्गको दमन बढ्दै जाँदा परिधिमा प्रतिरोध जन्मिन्छ । समाजमा हुने महत्त्वपूर्ण परिवर्तनले प्रतिरोधलाई मजबुत बनाउँछ । ग्राम्सीले परिकल्पना गरेको अर्गानिक बुद्धिजीवीका माध्यमबाट पनि प्रतिरोधको विकास हुन्छ । प्रभुत्वसँग जोडिने प्रतिरोधको विषय सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषय हो । प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनको प्रभुत्वसम्बन्धी यही मान्यताका सैद्धान्तिक धरातलमा रही वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त भएको प्रतिरोधलाई कृतिविश्लेषणको मानदण्डका रूपमा प्रयोग गरी विश्लेष्य कविताकृतिका कवितामा प्रकटित प्रतिरोधी विचारको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा दामोदर पुडासैनीको *हिमालका आवाज* कविताकृतिलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । सांस्कृतिक अध्ययनको सैद्धान्तिक पृष्ठाधारमा रही प्रतिरोधका आधारहरू पहिचान गर्नका लागि यससँग सम्बन्धित शोधप्रबन्ध, अनुसन्धानग्रन्थ, लेख, समीक्षा र समालोचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस कविताकृतिका कवितामा अभिव्यक्त प्रतिरोध चेतनाको अवस्था मूल्याङ्कन गर्नका लागि वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरिएको छ । विश्लेष्य कविताको सूक्ष्म पठनपछि विश्लेषणात्मक पद्धतिसमेतका आधारमा कवितामा अभिव्यक्त प्रतिरोधको विश्लेषण गरी नेपाली संस्कृति, पर्यावरण, मानवता र राष्ट्रियतासम्बद्ध स्वाधीनताको अवस्था मूल्याङ्कन गरिएको छ ।

## प्रतिरोधको सैद्धान्तिक पृष्ठभूमि

जीवसँग रहेको चेतनाको तहगत क्षमता शक्तितर्फ उन्मुख हुने भएकाले मानिसको चेतना पनि शक्तिप्राप्तिको प्रयत्नशील अभ्यासमा रहन्छ । शक्तिको अभ्यास र प्रभुत्व सत्तामा सधैं रहिरहने चाहनाद्वारा निर्देशित हुन्छ । सत्ताबाहिर बसेकाहरूमा पनि सत्ताप्राप्तिको चाहना जागृत हुन्छ । दुवै पक्षमा हुने यस्तो चाहनाका कारण सिर्जना हुने द्वन्द्वात्मक अवस्थाले परिधीय शक्तिलाई गति दिएपछि प्रतिरोधको निर्माण हुन्छ । सीमान्त वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हकअधिकार प्राप्तिका लागि र आफूमाथि भएका अन्याय, अत्याचार, विभेद आदिका विरोधमा उभिन आवाज उठाउन सक्ने चेतना नै प्रतिरोधी चेतना हो (राई २०७९, पृ.१५७) । प्रभुत्वशाली वर्गद्वारा कायम गरिएको प्रभुत्वका कारण परिधिमा निर्माण हुने प्रतिप्रभुत्व जागृतिको अवस्था नै प्रतिरोध चेतना जागरणको प्रक्रिया र कारण हो । सीमान्त जनजीवनलाई अझै सीमान्त बनाउन सत्ताले भूमिका खेल्छ । यस्तो परिस्थितिमा प्रतिरोधको जन्म हुन्छ (भण्डारी २०७५, पृ.८४) । सत्ताले सिर्जना गर्ने दबाबका कारण प्रतिरोध चेतनाले अस्तित्व प्राप्त गर्छ । फुकोले जहाँ शक्तिको अभ्यास देखिन्छ त्यहाँ प्रतिरोधको सम्भावना पनि जीवित रहन्छ भनेका छन् । फुकोको अभिव्यक्ति प्रस्तुत गर्ने क्रममा उप्रेती (२०६८) ले भनेका छन् : "फुकोले भनेझैं जहाँ शक्ति हुन्छ त्यहाँ शक्तिको प्रतिरोध पनि स्वतःस्फूर्त उब्जिन्छ । ....जहाँ शक्तिको अभ्यास देखा पर्छ, त्यहाँ त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागका रूपमा हेरिनुपर्छ" (पृ.३३-४१) । उप्रेतीले प्रभुत्व र शक्तिसम्बन्धलाई प्रतिरोधको कारणका रूपमा विश्लेषण गरेका छन् ।

प्रभुत्वशाली वर्ग निम्नवर्गलाई सीमान्तीकरण गर्ने प्रक्रियामा अग्रसर हुन्छ । यही प्रक्रियाले प्रतिरोधी विचारको बाटो निर्माण गर्छ । समाज शक्तिसम्बन्धमा अडिएको हुन्छ र त्यस सम्बन्धमा कोही प्रभुत्वशाली हैसियतमा रहन्छन् र कोही अधीनस्थ वा सीमान्तीकृत अवस्थामा रहन्छन् । सांस्कृतिक अध्ययनले यस प्रकारको

सम्बन्धको उद्घाटन गर्नुका साथै प्रतिनिधित्व र पहिचानको निर्माणमा घटित हुने विकेन्द्रणको अवस्था, नयाँ पहिचान निर्माणको अवस्थासमेतलाई उद्घाटित गर्दछ (पाण्डेय २०७३, पृ.८९) । प्रभुत्वका कारण प्रतिप्रभुत्व निर्माण भई अधीनस्थ वर्गका लागि पहिचान निर्माणको ढोका खुल्छ । श्रमिकलगायत विभिन्न वर्ग र समुदायलाई राजनीतिक खुराक र प्रेरणा दिएर समाजलाई रूपान्तरणमा लैजान ग्राम्सीले आङ्गिक बौद्धिक अपेक्षित भएको सोचे (गौतम २०७५, पृ.४४) । ग्राम्सीले प्रतिरोध चेतना उत्पादनमा सीमान्तीकृत वर्गको क्रियाशीलताका लागि अर्गानिक बुद्धिजीवीको भूमिकाको चर्चा गरेका छन् । सिर्जनात्मक प्रक्रिया अवलम्बन गरी सीमान्तीकृत वर्गमा प्रतिरोधी चेतना जागृत गराउन सकिने मान्यता हलले अभिव्यक्त गरेका छन् । हलको मान्यता अघि सार्ने क्रममा सुवेदी (२०६८) ले भनेका छन् : "संस्कृतिका दुईओटा पाटा हुन्छन् । एउटा पाटो मूल धार हो । यसका मान्यताहरू निश्चित हुन्छन् । यो मानक पनि हो । अनि अर्कोतिर सीमान्तीकृत वर्ग हुन्छ । त्यस वर्गले त्यही संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ" (पृ.१३१) । उनले सीमान्तीकृत वर्गको सचेत क्रियाशीलताबाट प्रतिरोधको संस्कृति विकास हुने मान्यता प्रस्तुत गरेका छन् । त्यस्तै, प्रतिरोध चेतनाको जागृतिको कारणका सम्बन्धमा भण्डारी (२०७२) ले यसो भनेका छन् : "शासकवर्गले आफ्नो प्रभुत्वको निरन्तरताका लागि सबै खाले सम्भव-असम्भव प्रयत्न गरिरहेकै हुन्छ र जनताले त्यसविरुद्ध सङ्घर्ष पनि चलाइरहेका हुन्छन् । यस्तो सङ्घर्षमा कुनै वेला जनताको शक्तिका अगाडि प्रभुत्वशाली वर्गले घुँडा टेक्छ र प्रतिप्रभुत्वको अवस्था देखा पर्छ । यसका लागि सामाजिक शक्ति संरचनामा बदलाब आउनु जरुरी छ" (पृ.९८) । प्रभुत्वशाली वर्गले कायम गरेको प्रभुत्वका कारण किनारामा उत्पन्न हुने प्रतिप्रभुत्वको जागरणलाई उनले प्रतिरोध चेतनाका रूपमा समीक्षा गरेका छन् । प्रभुत्व स्थायी हुन सक्दैन किनभने कुनै न कुनै क्षण यस्तो आउँछ जहाँ तिनै आवाज निकाल्न नसक्नेहरूकै बिचबाट अर्को शक्तिको निर्माण हुन्छ र त्यसले शक्तिको केन्द्रमा पुग्नका लागि प्रयत्न गर्न थाल्छ (ज्ञवाली २०७३, पृ.१९४) । शक्तिको अस्थिर चरित्र नै प्रतिरोधको कारण हो ।

शक्तिको अभ्यासमा रहने वर्गहरूका बिच शक्तिसङ्घर्ष हुन्छ । शक्तिको प्रतिद्वन्द्विताका कारण आफ्नो अस्तित्वलाई गतिशील बनाउनका लागि प्रतिरोधको सम्भावना रहन्छ । शक्तिमा रहेको प्रभुत्वशाली वर्गको व्यवहारका कारण परिधीमा रहने वर्गमा प्रतिरोधको जन्म हुन्छ । प्रभुत्वशाली वर्गको प्रभुत्वविरुद्ध अधीनस्थ वर्गले अस्तित्वका लागि प्रारम्भ गर्ने सङ्घर्षका कारण प्रतिरोधको जन्म हुन्छ । प्रतिरोध निर्माणको कारण र प्रक्रियाका सम्बन्धमा ज्ञवाली (२०७५) ले निम्नलिखित विचार प्रस्तुत गरेका छन् :

> शक्तिको केन्द्र माथि अर्थात् सत्तामा मात्र हुन्छ र त्यो परिधितिर विस्तारित हुन्छ भन्ने मान्यताको विपरीत ज्ञान र शक्तिको आधार परिधिमा पनि रहेको हुन्छ जो शक्तिकेन्द्रको प्रतिरोध गर्दै माथितिर जाने प्रयास गरिरहेको हुन्छ । ...परिधिको शक्तिमाथि सधैँ केन्द्रको शक्तिले शासन चलाइरहन चाहन्छ, त्यसलाई दबाएर आफ्नो शासनलाई निरन्तरता दिन चाहन्छ तर जहाँ शक्ति हुन्छ त्यहाँ त्यसको विरोधी शक्ति पनि रहेको हुन्छ । त्यसैले यी दुई शक्तिका बीचमा सधैँ द्वन्द्वको स्थिति रहन्छ । परिधिको शक्ति समान हैसियतमा आउने प्रयासमा लागिरहेको हुन्छ । यिनै शक्तिकेन्द्रसँग सम्बद्ध रहेर उच्च र लोकप्रिय संस्कृतिको विकास भइरहेको हुन्छ । उच्च संस्कृतिको नेतृत्व केन्द्रीय शक्तिले गरिरहेको हुन्छ भने त्यसकै समानान्तरमा परिधिको शक्तिले पनि लोकप्रिय संस्कृतिलाई अगाडि बढाइरहेको हुन्छ । (पृ.६२)

ज्ञवालीले परिधीय शक्तिले केन्द्रीय शक्तिविरुद्ध प्रस्तुत गरेको प्रतिप्रभुत्वलाई प्रतिरोधका रूपमा चिनाएका छन् । शक्तिको अभ्यासका क्रममा किनारामा रहेको वर्गले केन्द्रीय शक्तिका विरुद्धमा सङ्घर्ष गरिरहेको हुन्छ भन्दै उनले परिधीय शक्तिले गर्ने शक्तिआर्जनको प्रयत्नका कारण प्रतिरोधको जन्म हुने धारणा राखेका छन् । उनले प्रतिप्रभुत्वले प्रस्तुत गर्ने शक्तिको प्रयत्नशील अभ्यासलाई प्रतिरोधका रूपमा परिभाषित गरेका छन् । शक्तिको स्वभाव चक्रिय प्रकृतिको हुने भएकाले हरेक अवस्थामा प्रतिरोधको सम्भावना रहने उनको ठम्याइ छ ।

प्रतिरोधलाई शक्तिको अभ्यासले दिशानिर्देश गर्छ । मास (सन् २०१७) ले आधुनिक पूँजीवादी समाजमा शक्ति र प्रभुत्वको कार्यढाँचासम्बन्धी अन्तर्निहित अनुमानका आधारमा दैनिक अभ्यासमा देखिएको सामान्य राजनीतिक क्षमता र प्रतिरोधको अवधारणासम्बन्धी दृष्टिकोण निर्धारण गर्न सकिन्छ भनेका छन् । शक्तिकेन्द्र र जनस्तर राजनीतिक रूपमा एकअर्काका विरुद्धमा उत्रिने कार्य विवेकपूर्ण नभएको विश्लेषण गर्दै उनले यिनीहरूबिचको प्रतिद्वन्द्वितालाई एकअर्कामा छुट्टयाएर विश्लेषण गर्न नसकिने तर्क राखेका छन् (पृ.५७) । त्यस्तै, रेबी (सन् २००५) ले शक्तिलाई प्रभुत्व र अधीनस्थताका बिचको सम्बन्धका रूपमा चिनाएका छन् । उनले प्रभुत्वशाली वर्गले स्वामित्व ग्रहण गरी अधीनस्थ वर्गका विरुद्धमा प्रयोग गर्ने विषयका रूपमा शक्तिलाई परिभाषित गरेका छन् । उनले अधीनस्थ वर्गले प्रतिरोधका माध्यमबाट शक्ति हात पार्न सक्ने तर्क राखेका छन् । युवावर्गले राजनीतिक असमानता, सामाजिक कुसङ्केतन, वर्गीय प्रभुत्व, पर्यावरणीय प्रभुत्वजस्ता विषयमा प्रतिरोधी विचार प्रस्तुत गरी सांस्कृतिक वातावरणको स्वरूपलाई नवीन अर्थ र मान्यताका साथ प्रस्तुत गर्न सक्ने उनको ठम्याइ छ (पृ.१५२-१५७) । प्रतिरोध चेतनाको जागरणका कारण सांस्कृतिक प्रभुत्वको अन्त्य गरी संस्कृतिको नवीन सन्दर्भ उद्घाटन गर्न सकिन्छ । सांस्कृतिक अध्ययनले प्रतिरोध चेतनाको अध्ययनमा विशेष रुचि राखे तापनि प्रतिरोधका माध्यमबाट कुनै पनि विषयलाई निचोडमा पुऱ्याउने वा पुऱ्याउनुपर्ने मान्यता भने राख्दैन । यसले केन्द्रीकृत सङ्घर्ष वा प्रतिरोधलाई भन्दा खण्डित र टुक्रे प्रतिरोधलाई बढी महत्त्व दिन्छ र क्रान्तिको सम्भावनालाई निषेध गर्छ (पाण्डेय २०७३, भूमिका खण्ड) । प्रतिरोधी विचार निर्माणका सम्बन्धमा सांस्कृतिक अध्ययनमा प्रस्ट धारणा प्रकट भएको पाइए पनि यसमा सङ्गठित प्रतिरोधलाई भने निषेध गरिएको पाइन्छ ।

यस अध्ययनमा विश्लेष्य कवितामा अभिव्यक्त प्रतिरोध चेतना विश्लेषणका लागि कृतिमा प्रस्तुत सांस्कृतिक, सामाजिक, पर्यावरणीय तथा स्वाधीनता र मानवतासम्बद्ध सन्दर्भलाई लिइएको छ । प्रतिरोध निर्माणको प्रक्रिया र कारणलाई मूल्याङ्कन गर्नका यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक र पर्यावरणीय विषयमा अभिव्यक्त भएको प्रतिरोधको अवस्थालाई विश्लेषण गरिएको छ । यसका साथै, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई पनि विश्लेषण गरी प्रस्तुत कविताकृतिमा ध्वनित भएको प्रतिरोध चेतनाको मूल्याङ्कन गरेर यस्तो चेतना निर्माणको प्रक्रिया र कारणमाथि विमर्श गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति तथा छलफल

*हिमालका आवाज* कविताकृतिमा हिमालको आवाज शीर्षकमा पचासओटा कविताको सिलसिला विस्तार गरिएको छ । यसमा हिमाली संस्कृतिका सन्निकटमा पुगी प्रकृति र संस्कृतिलाई समानान्तर रूपमा अवलोकन गरिएको छ । यस सङ्ग्रहका कवितामा शासकीय प्रभुत्वका कारण हिमसंस्कृतिमाथि कायम गरिएको प्रभुत्वका विरुद्धमा प्रतिरोध ध्वनित गरी पर्यावरण संरक्षणका पक्षमा आवाज उठाइएको छ । कवितामा अभिव्यक्त प्रतिरोधी विचार विश्लेषणका लागि यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत कविताकृतिका कविताहरूमा अभिव्यक्त प्रतिरोधी विचारको मूल्याङ्कनका सन्दर्भमा सङ्कलित सामग्रीलाई निम्नानुसारका उपशीर्षकहरूमा राखी विश्लेषण गरिएको छ ।

## वर्गीय विषयमा अभिव्यक्त प्रतिरोध

वर्गीय प्रभुत्वका कारण अधीनस्थ वर्गमा प्रतिरोध जागृत हुन्छ । अधीनस्थ वर्गमा यस्तो चेतना स्वतःस्फूर्त जागृत हुने फुकोको धारणा छ । यस्तो चेतनाले वर्गीय प्रतिरोधलाई अस्तित्व प्रदान गर्छ । दामोदर पुडासैनी सामाजिक जनजीवनको भोगाइका साथै सीमान्त जनजीवनको सरोकारको विषयलाई कविताका माध्यमबाट प्रस्तुत गरी सामाजिक चेतना जागृतिको प्रयत्नमा रहेका कवि हुन् (भण्डारी २०७८, पृ.३०) । प्रस्तुत कविताकृतिमा उनले निम्नवर्गीय नेपाली जनतामाथि उच्चवर्गले कायम गरेको प्रभुत्व तथा शासकीय दमनमा परेका अधीनस्थ जनताले उठाएको प्रतिरोधी आवाजलाई कविताको विषयवस्तु बनाएका छन् । उनले निरङ्कुश

शासकले निरीह जनतालाई शोषण गरी उत्सव मनाएको प्रसङ्ग प्रस्तुत गरी त्यस्तो शासकीय प्रभुत्व जनताका लागि सह्य नहुने विचार अघि सारेका छन् । निम्नवर्गीय जनताको प्रतिरोधी विचार व्यक्त गर्ने क्रममा उनले निम्न कवितांश प्रस्तुत गरेका छन् :

निरङ्कुश बादशाहको ओभरडोज
कुनै थुम्काहरूले सहन सक्दैनन्
गाँस लुटेको बहाना उत्सवको भोजखर्च पनि
अब देशले बेहोर्न सक्दैन । (पृ.६७)

उद्धृत कवितांशमा कविले थुम्कालाई उत्पीडित निम्नवर्गीय जनताको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्ता निरीह जनताको गाँस लुटेर उत्सव मनाउने शासकीय स्वभाव र अभिमानलाई जनताले सहन नसक्ने वैचारिक अभिमत प्रस्तुत गरी उनले निरङ्कुशतामा मौलाएको शासकीय प्रभुत्वको प्रवृत्तिलाई प्रस्ट पारेका छन् । धेरै वर्षसम्म जनताले शासकको निरङ्कुश शैलीमा बाँधिएर शोषित बन्नुपरेको यथार्थलाई खुलासा गरी उनले त्यस्तो अत्याचारलाई सहेर बस्नु नहुने विचार अभिव्यक्त गरेका छन् ।

कविले हिमाली संस्कृतिलाई नेपाली पहिचानका रूपमा अघि सार्ने इच्छा व्यक्त गरेका छन् । जनतालाई बेवास्ता गर्ने शासकको शैली सदियौँदेखि अस्तित्वमा रहेको विश्लेषण गर्दै उनले रोगी, भोका र नाङ्गा जनताको अवस्थामाथि सत्तामा रहनेहरूको आँखा कहिल्यै पुग्न नसकेको धारणा व्यक्त गरेका छन् । शासक परिवर्तन भए पनि जनताको वर्गीय अवस्था परिवर्तन हुन नसकेको प्रसङ्गलाई उनले निम्नानुसार व्यक्त गरेका छन् :

रबाफी महाराजहरू बिउँझन्छन् र ढल्छन्
रोगी, भोका र नाङ्गाहरू जन्मेदेखि नै आलाप हाल्दै छन्
कान थुनेर हिँड्नेहरू हिँडिरहेछन् आदिम युगदेखि
ग्राफमा पिक्टोग्रामले तिम्रो र मेरो सम्बन्ध नाप्न सकिरहेको छैन । (पृ.६९)

यस कवितांशमा कविले हिमसंस्कृतिको महत्त्व उजागर गरी हिमाली सौन्दर्यमार्फत पर्यटन व्यवसायलाई उन्नत स्तरमा अघि बढाई हाम्रो देशको गरिबी उन्मूलन गर्न सकिने धारणा राखेका छन् । यस दिशामा शासकहरू क्रियाशील हुन नसकेको उनको ठम्याइ छ । शासकहरूले विस्तार गरेको विलासिताको संस्कृतिका कारण गरिबहरू झन्झन् गरिब बन्दै गएको तर सम्बन्धित पक्षले यसका प्रति सधैँ बेवास्ता गरेको प्रसङ्ग प्रस्तुत गरी उद्धृत दृष्टान्तका माध्यमबाट मजदुर वर्गलाई हिमाली पर्यटनसँग जोडेर गरिबी अन्त्यका दिशामा महत्त्वपूर्ण कदम चाल्न सकिने धारणा राखिएको छ । यसका साथै, शासकीय अकर्मण्यताका कारण निम्नवर्गीय जनताहरू गरिबीका जाँतामा पिसिन बाध्य बन्नुपरेको समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरी निम्नवर्गप्रति सहानुभूतिसमेत दर्साइएको छ ।

शिक्षा आर्जन गर्न भनी बाहिरिएकाहरू फर्किएर फेरि आफ्नो गाउँमा जाँदैनन् । देश विकासको नारा लगाउँदै हरेक चुनावमा ग्रामीण इलाकामा प्रवेश गर्ने नेताहरू फेरि त्यहाँ पुग्दैनन् । गरिबी अन्त्य गर्छौं भन्नेहरूले गरेको बाचा बाचामै सीमित रहन्छ । हाम्रो समाजमा गरिबहरू जहाँको त्यहीँ रहन बाध्य छन् । गरिबहरूमाथि गरिएको राजनीति तथा शिक्षित भनिएकाहरूबाट आफ्नै गाउँठाउँप्रति भइरहेको विश्वासघातको विवरणलाई पुडासैनीले कविताको विषय बनाएका छन् । उनी लेख्छन् :

हरेक मान्छेहरू
थिचिएका छन् दुःखका पहाडहरूले
दुःखका पहाडहरूका रीत पनि आआफ्नै छन्
जहाँ
हिँडिसकेपछि क्रमशः बिर्सिन्छन् बाटाहरू
निस्किसकेपछि क्रमशः बिर्सिन्छन् बासहरू

बिर्सिन्छन् क्रमशः भोक र तिर्खा मेटाइदिनेहरू । (पृ.६९-७०)

प्रस्तुत साक्ष्यमा कविले शिक्षित भनिएकाहरूबाट जन्मभूमिप्रति भएको धोकाको विवरण सार्वजनिक गरेका छन् । उनले नेतृत्व वर्गले विपन्न ग्रामीण जनतामाथि गरेको राजनीतिलाई प्रस्ट पारेका छन् । ग्रामीण इलाका गरिबीको मारबाट उम्किन नसक्नुको कारणमाथि समीक्षा गर्दै यस कवितांशमा सदियौँदेखि कायम भएको वर्गीय अधीनस्थताको कारण प्रस्तुत गरिएको छ । यसमा नेपाली समाजका ग्रामीण इलाकालाई सत्ताको भऱ्याङभन्दा बढी सोच्न नसकिएको प्रतिरोधी अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

उत्पादन गरे पनि बजार नपाइने समस्याले हाम्रो देशका किसानहरू ग्रस्त छन् । बिचौलिया संस्कृति फस्टाउँदो छ । उत्पादनमा श्रमको सम्मान गर्ने संस्कृतिलाई बिचौलिया संस्कृतिले किनारातिर धकेलेको छ । उत्पादन सम्बन्धसँग असम्बन्धित बिचौलियाहरूलाई संरक्षण गरी शासकहरू किसानको उन्नतिमा ध्यान दिएको झुटो नारा प्रस्तुत गर्न अभ्यस्त छन् । किसानका विरुद्धमा देखिएको यस्तो विकृतिको चित्र प्रस्तुत गरी कविले नेपाली समाजमा रहेको वर्गीय उत्पीडनको अवस्था उल्लेख गरेका छन् । कविताको प्रस्तुतिका क्रममा उनी भन्छन् :

बिचौलियाहरू बस्दै छन् उच्च आशनमा
किसानहरू र व्यापारीहरू थिचिएका छन्

बिचौलियाका पैतालाहरूले । (पृ.८१)

प्रस्तुत दृष्टान्तमा निम्नवर्गीय किसानका विरुद्धमा सञ्चालन गरिएको बिचौलिया संस्कृति र त्यसले पुऱ्याएको असरको समीक्षा गरिएको छ । निम्नवर्गलाई चुसेर समृद्ध बनेको नव धनाढ्यवर्गको अवस्था प्रस्तुत गरी यस प्रसङ्गमा नेपाली समाजका निम्नवर्गले बेहोर्नु परेको अधीनस्थताको कारणको समीक्षा गरिएको छ । मल, बिउ, बजार आदिजस्ता किसानसम्बद्ध विषयमा राज्य किन सचेत छैन भन्ने प्रश्नको उत्तर पहिचान गर्ने क्रममा प्रस्तुत प्रसङ्गमार्फत राजनीतिका पृष्ठाधारमा विकसित बिचौलिया संस्कृतिजस्तो कुसङ्केतनका विरुद्धमा प्रतिरोधी आवाज ध्वनित गरी यस दिशामा सचेत रहनका लागि आग्रह गरिएको छ ।

### जातीय विषयमा अभिव्यक्त प्रतिरोध

जातीय विषयमाथि भइरहेका सांस्कृतिक अतिक्रमणका विषयलाई पुडासैनीले कविताको विषय बनाएका छन् । हाम्रो मौलिक संस्कृतिमाथि भइरहेको अतिक्रमणबाट यसलाई कसरी संरक्षण गर्ने भन्ने विषयमा उनले चिन्ता व्यक्त गरेका छन् । हिमाली इलाकाको भ्रमणपछि उत्पन्न अनुभूतिलाई अभिव्यक्त गर्ने क्रममा उनले हिमाली संस्कृतिको जगेर्नाप्रति चिन्ता र चासो देखाएका छन् । उनको चिन्ता यसरी प्रस्तुत भएको छ :

किन कम्पनमा छन् लुङ्दरहरू
किन अनवरत घुमिरहन्छन् मानेहरू
संसार नै चलायमान बनिरहेका वेला
किन क्षणक्षणमा बदलिँदै छन् पौभाका रूप र रङ्गहरू । (पृ.२)

प्रस्तुत दृष्टान्तमा कविले हिमाली संस्कृतिको परिचय दिई यस संस्कृतिमाथि भइरहेको अतिक्रमणप्रति चिन्ता व्यक्त गरेका छन् । उनले लुङ्दर र मानेमा उत्पन्न भएको अस्वभाविक गतिशीलताको सन्दर्भ प्रस्तुत गरी हिमाली संस्कृतिमा रमाउनेहरूको जातीय अस्तित्व सङ्कटापन्न रहेको उद्घोष गरेका छन् । उनले पौभाको रूपरङ्गमा आएको परिवर्तनको प्रसङ्गमार्फत जातीय संस्कृति र पहिचान देशीविदेशी षड्यन्त्रकारीहरूका नियन्त्रणमा परिसकेको धारणा राखी जातीय संस्कृति र पहिचानको संरक्षणका दिशामा प्रतिरोधी विचार प्रस्तुत गरेका छन् ।

कविले हिमाली संस्कृतिलाई नेपाली संस्कृतिका रूपमा विश्वभर परिचित गराउने चाहना अभिव्यक्त गरेका छन् । हिमाली संस्कृति संसारभर नेपाली जातिको पहिचान बन्न सक्ने तर्क राखी उनले नेपाली समाजमा देखिएको जातीय सङ्कीर्णताभन्दा माथि उठ्नुपर्ने धारणा राखेका छन् । नेपाली भूमिका हरेक संस्कृति नेपाली संस्कृति हुन् भन्ने धारणा राखी उनले यसलाई विश्वभर विस्तार गरी हाम्रो साझा पहिचानको जगेर्ना गर्नुपर्ने धारणा राखेका छन् । हिमाली संस्कृतिलाई नेपाली संस्कृतिका रूपमा परिचित गराउनुपर्ने मान्यता अघि सार्दै उनी लेख्छन् :

ढुङ्गामा कुँदिएका मन्त्रहरूमा लेउ जमिसक्यो
जीर्ण जीर्ण भइसके लुङ्गदरका अक्षरहरू
'ओम मणिपद्मे हुँ' को नाराले बोक्न सक्दैन अब
संसारको स्थिति र गतिलाई
ढुङ्गा, कपडा र कागजका मन्त्रहरूले
बोक्न सक्दैनन् अब मान्छेका ओजनदार आशालाई
संसारलाई उचाल्न सक्ने एउटा मन्त्र
म आफैँ हिमाल उभ्याइरहेछु । (पृ.४१)

प्रस्तुत कवितांशमा कविले हिमाली संस्कृति समग्र मानवजातिको संस्कृति भएको उद्घोष गरी यस संस्कृतिमाथि फराकिलो दृष्टि राख्न आग्रह गरेका छन् । उनले हिमाली संस्कृतिलाई नेपाली जातिको पहिचान उद्घाटन गर्ने विषयका रूपमा अघि सार्नुपर्ने धारणा राखेका छन् । उनले यस संस्कृतिलाई समयमै चिन्न नसकिएकाले यसको महत्त्व उजागर हुन नसकेको सन्दर्भ प्रस्तुत गरी नेपाली जातिको जातीय अस्तित्व जगेर्नाका लागि यसलाई मानवताका दृष्टिले मूल्याङ्कन गर्नुपर्ने तर्क राखेका छन् । हिमाली संस्कृतिमा रमाएका जातजातिको अस्तित्व र पहिचानलाई जगेर्ना गर्नका लागि हिमसंस्कृतिलाई नेपाली जातिको साझा संस्कृतिका रूपमा स्थापित गर्नुपर्ने मान्यतासहित उनले सङ्कुचित र पुरातन धारणाका विरुद्धमा प्रतिरोधी विचार व्यक्त गरेका छन् ।

कविले जातीय विभेदका कारण उत्पन्न भएका समस्याहरूलाई समाधान गर्ने उपायको खोजी गरेका छन् । राज्यले जातीयताका आधारमा विभेदकारी नीति अवलम्बन गर्नु नहुने तर्क राख्दै उनले उत्पन्न समस्यालाई समानताको दृष्टि रचना गरी समयमै समाधान गर्नुपर्ने अभिमत राखेका छन् । विभेदका कारण द्वन्द्वको जन्म हुने भएकाले यसका लागि सबै निकाय समयमै सचेत बन्नु आवश्यक रहेको सचेतना प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित कविताको सन्दर्भलाई अघि सारेका छन् :

मैले विभेद सोचेर
कुनै सन्तति जन्माएको होइन
म सन्ततिहरूलाई फैलँदै फैलँदै
नीलो समुद्र फिँजारिन भन्छु
पाखा लागेर फरक कित्तामा
कुनै सन्तति उभेको हेर्न चाहन्न । (पृ.४२)

उद्धृत कवितांशमा कविले जातीय विभेदविरुद्ध प्रतिरोधी आवाज ध्वनित गरेका छन् । उनले जातीय प्रभुत्वको विरोध गर्दै समानताको दृष्टि निर्माण गर्न आग्रह गरेका छन् । नेपालीहरूले विश्वभर आफ्नो पहिचान विस्तार गर्नुपर्ने धारणासहित उनले जातीय विभेदका कारण सिर्जना हुनसक्ने द्वन्द्वका प्रति सचेत रहन आग्रह गरेका छन् । उनले प्रस्तुत गरेको यस्तो आवाजमा जातीय प्रभुत्वका विरुद्धमा प्रतिरोधी आवाज प्रकट भएको पाइन्छ ।

## लैङ्गिक विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिका कवितामा पुडासैनीले नारीमाथि हुने शोषण र दमनका विरुद्ध आवाज उठाएका छन् । उनले नारीको सम्मान गर्ने विभेदविहीन संसारको परिकल्पना गरी लैङ्गिक प्रभुत्वको विरोध गरेका छन् । हिमाली सौन्दर्यको परिदृश्यलाई कवितामार्फत अभिव्यक्त गर्ने क्रममा उनले नारीको महत्त्वलाई सृष्टिको निरन्तरतासँग जोडेर हेरेका छन् । नारी संरक्षणको विषय प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित प्रसङ्ग अघि सारेका छन् :

म ढुङ्ग्याने झाडी हुँ
म तिमीलाई झाडीमा फूल बनाएर फुलाउन चाहन्छु
मैले झाडीमा फुलाएको फूलले अँगालोमा बोक्न सक्नुपर्छ हिमफूललाई
मेरो झाडीले सहन सक्तैन बलात्कार
मेरो झाडीमा
अल्झेको छ नयाँ संसार जन्माउने वीर्य
तिमी त्यसलाई खोतलेर सँगाल
अथवा, सजाऊ अक्षरका बारीहरूमा । (पृ.६२)

प्रस्तुत साक्ष्यमा कविले नारीलाई हिमफूलको उपमा दिई नारीसौन्दर्यको प्रशंसा गरेका छन् । वर्तमान नेपाली समाजमा बढ्दै गएको बलात्कारजस्ता घटनाका कारण मौलाएको लैङ्गिक हिंसाको अवस्थाप्रति प्रतिरोधी विचार व्यक्त गरी उनले सचेत र समुन्नत नेपाली समाजको परिकल्पना गरेका छन् । मौलिक नेपाली समाज स्थापनाको आकाङ्क्षा सार्वजनिक गर्दै उनले त्यस्तो समाजमा नारीको सम्मान हुने तार्किक अभिमत प्रस्तुत गरेका छन् । आदर्श समाजको परिकल्पनामा रहेका कविले वर्तमानका विकृति र त्यसका कारण सिर्जित लैङ्गिक हिंसाका विरुद्धमा प्रतिरोधी विचार व्यक्त गरेका छन् ।

धार्मिक आस्थालाई समाजमा प्रचार गरी त्यसका आडमा विस्तार गरिएको हिंसाका स्वरूपका सम्बन्धमा कविले प्रतिरोधी विचार व्यक्त गरेका छन् । धर्मको खोल ओढेर लैङ्गिक हिंसामा संलग्न भएको जमातले जनतालाई देखाएको नाटक र त्यसका कारण सिर्जित लैङ्गिक उत्पीडनको अवस्था प्रस्तुत गरी उनले धर्मको राजनीतिमा विकसित हिंसा र उत्पीडनको अवस्था प्रस्तुत गरेका छन् । यस सन्दर्भमा कवि भन्छन् :

बाबाहरू व्यस्त छन्
कि बलात्कार गर्न कि बिहे गरेको नाटक गर्न
कि चटक देखाएर देवताको भ्रम बाँड्दै योनिको उपासना गर्न
बाबा र माताका पीत वस्त्रहरू
बुनिरहेछन् काला कर्तुत छोप्ने साइनबोर्ड । (पृ.८२)

प्रस्तुत कवितांशमा धर्मका आडमा फस्टाएको विकृति र त्यसका कारण सिर्जित लैङ्गिक हिंसाको विश्लेषण गरिएको छ । पितृसत्ताको मार्ग अनुशरण गरी धर्मको ठेकेदारी गर्नेहरूले नारीको संरक्षणका नाममा बलात्कारजस्तो कार्यमा सामेल भई लैङ्गिक हिंसालाई प्रश्रय दिने गरेको सन्दर्भ प्रस्तुत गरी यस दृष्टान्तमा लैङ्गिक उत्पीडनको कारण र स्वरूपको विवेचना गरिएको छ । यसका साथै, यस्ता ठेकेदारहरूको असली अनुहारलाई वेलैमा पहिचान गरी तिनका विरुद्धमा प्रतिरोधी कदम चाल्न ढिलाइ गर्नु नहुने तर्क पनि प्रस्तुत गरिएको छ ।

## पर्यावरणीय विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिका कवितामा कविले पर्यावरणीय चेतना अभिव्यक्त गरेका छन् । उनले भौतिक पर्यावरणको चित्रण गरी पर्यावरणलाई चेतनाका तहमा विश्लेषण गरेका छन् । उनले प्राकृतिक सङ्कटको विषयका साथै मानिस र प्रकृतिका बिचको सम्बन्धलाई कविताको विषय बनाएका छन् । कविले पर्यावरणको वर्तमान अवस्थाका साथै त्यस विषयमा बढ्दै गएको विकृतिको समीक्षा गरेका छन् । उनले हिमाल प्रकृतिको

सुन्दर विषय भएकाले हिमालको प्राकृतिक संरचना जोगाउन सके जीव तथा वनपस्पतिको भविष्य सङ्कटमुक्त बनाउन सकिने धारणा राखेका छन् । पुडासैनीले प्रकृतिको सबभन्दा ठूलो जादु हिमाल हो र हिमालका निम्ति अमूल्य जादु मान्छे हो भनी प्राकृतिक पर्यावरण एवं मानवका बिचको सहसम्बन्ध औंल्याएका छन् (अवस्थी २०७६, भूमिका खण्ड) । हिमाली पर्यावरणको संरक्षण गरी प्राणीहरूको अस्तित्वरक्षामा अग्रसर हुनुपर्ने वैचारिक अभिमतसहित *हिमालको अन्तिम आवाज* शीर्षकको कवितात्मक भूमिका प्रस्तुतिका क्रममा पुडासैनीले निम्नलिखित अभिव्यक्ति प्रस्तुत गरेका छन् :

> मान्छेहरू
> मलाई कोपर्न र चिथोर्न नखोज
> नसोच मलाई सम्याउन वा ड्याङ र कुलेसो बनाउन
> मलाई 'म' नै रहन देऊ
> मैले संसारको रखबारी गरेसम्म
> हराउन दिनेछैन संसारबाट
> मान्छेको एउटा अजीव चित्र । (पुडासैनी २०७६, भूमिका खण्ड)

उद्धृत दृष्टान्तमा कविले हिमालको पर्यावरण जोगाउन मान्छेले आफ्नो चेतनाको सही उपयोग गर्नुपर्ने सन्देश दिएका छन् । मानिस प्रकृतिको सुन्दर रचना भएकाले जीव तथा वनस्पतिको अस्तित्वलाई निरन्तर अघि बढाउनका लागि पर्यावरणको संरक्षण गर्नु अपरिहार्य भएको आवाज प्रस्तुत गरी उनले पर्यावरणीय चेतना ध्वनित गरेका छन् । चेतनशील प्राणी भएका नाताले प्रकृतिको संरक्षणमा मानिस सबैभन्दा सचेत हुनुपर्ने कविको धारणा छ । पर्यावरण संरक्षणका लागि सचेतनाको आवाज अघि सारी मानव जातिलाई त्यस दिशातिर क्रियाशील हुन आह्वान गर्दै उनले प्रकृतिविरुद्ध भइरहेका गतिविधिप्रति प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् ।

प्रकृतिमा प्रदूषण भरिएको विषयप्रति कविले पटक-पटक खबरदारी गरेका छन् । प्रकृतिमा आएको सङ्कटका कारण जीवहरूको अस्तित्व पनि सङ्कटापन्न भइरहेको यथार्थ ज्ञात गराउँदै उनले सचेतनाको आवाज व्यक्त गरेका छन् । पूँजीवादी अर्थसंस्कृतिको विस्तारले पर्यावरणमा पर्न गएको गम्भीर असरप्रति कविको विचार अभिव्यक्त भएको पाइन्छ । पर्यावरणलाई ध्वस्त बनाउन खोज्नेहरूलाई खबरदारीको औंलो ठड्याउँदै कवि लेख्छन् :

> संसारमा
> कसले पोत्दै छ कालो
> र कसले पोत्दै छ उज्यालो
> होसपूर्वक नियाल्दै छन् हिमालहरू
> ....किन कैदमा छन् सुकिला फूलहरू ?
>
> किन बतासहीन बनेका छन् रूखहरू ? (पृ.१-१४)

प्रस्तुत साक्ष्यमा कविले विश्वमा बढ्दै गएको पर्यावरणीय प्रदूषणको अवस्थालाई प्रस्ट पारेका छन् । विश्वभरि बढ्दै गएको प्रदूषणको असर नेपाली भूमिमा पनि परिरहेको सन्दर्भ प्रस्तुत गर्दै उनले समयमै सचेत बन्न नसके यसका कारण मानवको अस्तित्व नामेट हुने विचार राखेका छन् । विश्वमा बढ्दै गएको प्रदूषणको असरका कारण वनस्पतिहरूको अवस्था सङ्कटग्रस्त बन्दै गएकाले हाम्रो अक्सिजनको स्रोत घटिरहेको वास्तविकता प्रस्तुत गरी उनले यसबाट मुक्त हुनका लागि मानवजातिमा पर्यावरणीय चेतना विस्तार गर्नुपर्ने धारणा राखेका छन् । पर्यावरणमा वृद्धि भएको प्रदूषणको परिदृश्य सार्वजनिक गर्ने क्रममा उनले कविताको अर्को प्रसङ्गलाई निम्नानुसार प्रस्तुत गरेका छन् :

> साना नानीहरूले छोपेका हिममलेवाहरू
> र मैले ढुङ्गे भित्तामा लेखेको मान्छेको ढुकढुकी
> सङ्कटमा छन् दुवै । (पृ.९)

उद्धृत दृष्टान्तमा पर्यावरणीय प्रदूषणका कारण सङ्कटग्रस्त अवस्थामा पुगेका प्राणी तथा वनस्पतिको अवस्था विश्लेषण गरिएको छ । यस प्रसङ्गमा पूँजी सञ्चयको होडबाजीमा अग्रसर वर्तमान विश्वमा विस्तार भएको स्वार्थ र त्यसले प्रकृतिलाई केकसरी सङ्कटग्रस्त मोडमा पुऱ्याएको छ भन्ने विषयको समीक्षा पनि गरिएको छ ।

मानिस चेतनशील प्राणी हो । प्रकृतिको संरक्षण गर्ने जिम्मेवारी मानिसको काँधमा छ । मानिसको सचेत प्रयत्नले मात्र प्रकृतिको उचित स्याहार र संरक्षण हुन सक्दछ । मानिसको स्वार्थी प्रवृत्ति नै आज वृद्धि भएको पर्यावरणीय प्रदूषणको प्रमुख कारण हो । कविले कवितामार्फत प्रकृति संरक्षणका लागि मानिसको सचेतनाको अपेक्षा गरेका छन् । मानिसहरू सचेत भए प्रकृतिमा आएको सङ्कट स्वतः न्यूनीकरण हुने अभिमत प्रस्तुत गर्दै कवि भन्छन् :

हिमालमा
चराहरू समयजस्तै गीत गाउँछन्
गीतले नै हिमाल बिउँझाउँछन्
उकालो र ओरालोलाई जीवन दिन्छन्
हिमाल चढ्दा चराहरूको ख्याल गर्नू
हिमालमा हल्ला चल्यो भने चराहरू ओरालो झर्छन्
चरा र हल्लाहरू कहिल्यै एकसाथ बस्न सक्दैनन् । (पृ.४४)

उद्धृत कवितांशमा प्रकृति संरक्षणका लागि मानवीय सचेतनाको भूमिका खोजिएको छ । मानिसले आफ्नो स्वार्थलाई केन्द्रमा राख्दा प्राकृतिक विषय ओझेलमा पर्नुका साथै त्यसको परिणाम मानिसकै लागि प्रत्युत्पादक हुने विश्लेषण गरी यस प्रसङ्गमा सचेतनाको सन्देश प्रवाहित गरिएको छ । प्रकृति संरक्षणका लागि मानिसहरू एकजुट हुनुको विकल्प नभएको पेट बोली अघि सारी कविताको यस प्रसङ्गमार्फत पर्यावरणीय प्रतिरोधको लय विस्तार गरिएको छ ।

नेपाली समाजमा राजनीति सेवामुखी बन्न नसक्दा यसका असरहरू चारैतिर देखिएका छन् । राजनीतिलाई सही दिशा दिन नसक्दा यसले सामाजिक-सांस्कृतिक अवस्थाका साथै पर्यावरणीय विषयलाई समेत सङ्कटको मोडमा पुऱ्याएको छ । नेपाली राजनीतिको धमिलो अवस्थाप्रति असन्तुष्टिको आवाज प्रस्तुत गर्दै पुडासैनीले यस विषयलाई पर्यावरण प्रदूषणको मुख्य कारणका रूपमा चिनाएका छन् । राजनीतिक प्रदूषणका पृष्ठभूमिमा विकसित पर्यावरणीय प्रदूषणको अवस्था चित्रण गर्ने क्रममा कवि भन्छन् :

याक र झोक्पेहरू प्रतिस्पर्धामा उभिएका छन् निर्वाचनमा
हिमवाघ र रेडपाण्डाहरू हटेका छन् मतदाता सूचीबाट
हिमाल शासन रुचाउँदैन
हिमाल शान्त सागरको सपना कोरल्छ
म हिमाल नाघ्छु र हरेक पटक हिमाल उचाल्छु । (पृ.५९)

प्रस्तुत साक्ष्यमा प्राकृतिक विषयमा परेको राजनीतिक असरको समीक्षा गरी राजनीतिले प्राकृतिक विषयलाई सही रूपमा दिशानिर्देश गर्न नसकेका प्रति प्रतिरोधी आवाज अभिव्यक्त गरिएको छ । राज्यको मूल नीति राजनीति हो भने यसले सबै विषयलाई सही रूपमा दिशानिर्देश गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गर्दै उद्धृत प्रसङ्गमा प्राकृतिक विषय मानिससँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसका लागि सचेत राजनीतिक नेतृत्वको सही निर्देशन आवश्यक हुने विश्लेषण गरिएको छ । यसका साथै, सचेत राजनीतिक नेतृत्वका माध्यमबाट मात्रै पर्यावरण संरक्षणका दिशामा क्रियाशील हुन सकिने धारणा सार्वजनिक गरिएको छ ।

विकासका नाममा विनाश बढ्दै गएको वर्तमान विश्वमा मानवीय स्वार्थले उचाइ नाघेको छ । पूँजीलाई अन्तिम सत्य मानी अघि बढेको जमातले पर्यावरणमाथि व्यापारको दृष्टि निर्माण गरेको छ । पर्यावरणीय

सङ्कटको अवस्थालाई कविले वर्तमानको यसै वास्तविकतामा रहेर प्रस्तुत गरेका छन् । विश्वपरिवेशको वर्तमान अवस्था विश्लेषण गरी उनले हाम्रो सामाजिक धरातललाई यसै परिवेशसित जोडेर हेरेका छन् । स्वार्थको पाठ पढिरहेका आजका मानिसको असली चरित्र देखाउने क्रममा कविले निम्नलिखित कवितांशलाई अघि सारेका छन् :

तिम्रो र मेरो लहलहाउँदो सम्बन्धलाई
अक्सिजनविहीन भड्खालोमा कोच्नेहरू जमजमाइरहेछन्
....अकबरे खुर्सानीका ढिँडी सोकेसमा सजाएर
इँटाको धुलो बेच्नेहरूको छिनाझपटी छ सहरमा । (पृ.७१-७५)

यस कविताांशमा मानवीय स्वार्थले निम्त्याएको अमानवीय कार्यको विश्लेषण गरिएको छ । मानिसमा बढ्दै गएको स्वार्थले पर्यावरणीय विषय केकसरी सङ्कटको दलदलमा फस्दै गएको छ भन्ने विषयको समीक्षा गरी यसमा मानवीय स्वभावको विवेचना गरिएको छ । यसका साथै, आफूबाहेक अरूलाई नसोच्ने स्वभाव विकास हुँदै जाँदा मानिसको अस्तित्व कसरी सङ्कटापन्न बन्दै छ भन्ने विषयमाथि पनि विमर्श गरिएको छ । यस कवितात्मक आक्रोशलाई पर्यावरणीय प्रतिरोधको विशिष्ट दृष्टान्त मान्न सकिन्छ । अर्को प्रसङ्गमा यस्तै पर्यावरणीय प्रतिरोध प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

तिमी नेता बन्दै छौ कि दलाल
...कृषक बन्दै छौ कि क्यान्सरका पिता ? (पृ.९७)

जैविक विषादीको बढ्दो प्रयोगले क्यान्सरजस्तो प्राणघातक रोग वृद्धि गर्न उचित वातावरण निर्माण गरेको छ । यो नेपाली समाजले स्वास्थ्यक्षेत्रमा भोग्नुपरेको कठिन परिस्थितिको नमुना हो । उन्नतिका नाममा भइरहेको वातावरण विनाशका कारण पर्यावरण मात्रै होइन मानव स्वास्थ्यमा पनि जटिलताका अनेक सङ्केतहरू देखा परेका छन् । उल्लिखित कविताांशका माध्यमबाट कविले राजनीतिलाई माध्यम बनाएर विकासका नाममा भइरहेको पर्यावरण विनाशको घटनालाई प्रस्ट पारेका छन् ।  नेपाली समाजको वास्तविकता चित्रण गरी उनले पर्यावरणीय चेतनाका पक्षमा प्रतिरोधी आवाज ध्वनित गरेका छन् ।

## राष्ट्रियताका विषयमा अभिव्यक्त प्रतिरोध

शासकीय प्रभुत्वका कारण नेपाली समाजमा वर्गीय, जातीय, लैङ्गिक तथा पर्यावरणीय अधीनस्थता सिर्जना भएको छ । प्रभुत्वशाली भई सत्ताको निरन्तरतामा रहने शासकको चाहना विस्तार हुँदै जाँदा स्वार्थमा आएको बढोत्तरीका कारण देशीविदेशी शक्तिको क्रियाशीलतामा वृद्धि हुन गएको देखिन्छ । यसबाट राष्ट्रिय स्वाधीनताको विषय स्वतः कमजोर बन्न गएको छ । सुन्दर, सानो र गरिब राष्ट्र भएकाले ठूला तथा सम्पन्न राष्ट्रहरूद्वारा पटक-पटक नेपालमाथि आक्रमण भएको तर त्यसको प्रतिकार गर्दै अघि बढिएको हाम्रो इतिहास छ । स्वतन्त्र, स्वाधीन र सार्वभौम राष्ट्र भए तापनि सुगौली सन्धि भएपश्चात् प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नेपालमाथि वैदेशिक हस्तक्षेप हुँदै आएको पाइन्छ । यसै परिप्रेक्ष्यमा नेपालमाथि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा वैदेशिक हस्तक्षेप हुँदै आएको चित्रण गर्दै त्यस्तो हस्तक्षेपको विरोध गरेर राष्ट्रिय स्वतन्त्रता र स्वधीनताका पक्षमा थुप्रै नेपाली कविता रचिएका छन् (घिमिरे २०७९, पृ.२१) । शासकले आफ्नो स्वार्थसिद्धिका निम्ति चालेको कदमका कारण हाम्रो स्वाधीनता, स्वाभिमान, संस्कृति, पर्यावरणजस्ता विषयहरू आज खतरामा परेका छन् । त्यसका विरुद्धमा कवितामा प्रतिरोधी आवाज सिर्जना भएको पाइन्छ । प्रस्तुत कविताकृतिका कवितामा पुडासैनीले राष्ट्रप्रेमको स्वरलाई उच्च बनाएका छन् । उनले हिमाललाई प्रतीकका रूपमा प्रयोग गरी देशको अवस्था सार्वजनिक गरेका छन् । शासकहरूको अदूरदर्शिताले हाम्रो स्वाधीनता खतरामा पर्दै गएका प्रति उनको चिन्ता र चासो प्रकट भएको पाइन्छ । कृतिको कवितात्मक भूमिका प्रस्तुत गर्दै उनले भनेका छन् :

देशमाथि अँध्यारो थोपर्ने हक कसैलाई छैन
देश टोकेर सम्राट् बन्न खोज्नेलाई

चपरी र ढुङ्गाहरूले पुर्छु म । (पुडासैनी २०७६, भूमिका खण्ड)

प्रस्तुत प्रसङ्गमा कविले देशलाई अँध्यारो बाटामा हिँडाउन खोज्ने शासकीय अभिमानका विरुद्धमा प्रतिरोध व्यक्त गरेका छन् । देशप्रतिको चिन्ता र चासो उनको कवितामा प्रकट भएको पाइन्छ । देशमा मौलाइरहेको विकृतिका कारण उत्पन्न भएको जटिलतालाई उनले कविताको विषय बनाएका छन् । देश कतातिर जाँदै छ भन्ने चिन्ताको विषय उनको कवितामा अभिव्यक्त भएको पाइन्छ । यस्ता विकृति र विसङ्गतिबाट मुलुकलाई बाहिर ल्याउनका लागि हामीमा उत्पन्न हुनुपर्ने सचेतनाका लागि उनले उत्प्रेरणाको आवाज अघि सारेका छन् । कवि भन्छन् :

हिमालको आँखामा आगो दन्किरहेछ
तिमीले र मैले
एक एक पसर आगो सापटी लिनुपर्छ हिमालसँग
र पगाल्नुपर्छ ढिक्का बनेर बसेको
हामीभित्रको अँध्यारो डरलाई । (पृ.३२)

प्रस्तुत कवितांशमा कविले शासकको खराब शैली र चरित्रका कारण मुलुक सङ्कटको दलदलमा फस्दै गएको विश्लेषण गरेका छन् । शासकीय प्रभुत्वका विरुद्धमा उत्रिन ढिलो गर्न नहुने उनको धारणा छ । उनले उज्यालो यात्रामा अघि बढ्न ढिलाइ गर्न नहुने प्रतिरोधी विचार अघि सारेका छन् । कविले स्वाधीनताका पक्षमा आवाज ध्वनित गरेका छन् ।

जस्तोसुकै विषम परिस्थितिमा पनि देशको स्वाभिमान झुक्नुहुन्न भन्ने राष्ट्रवादी अडानलाई कविले अघि सारेका छन् । देशको स्वाभिमान सङ्कटमा पर्दा अग्र पङ्क्तिमा रहेर हरेक देशभक्तले काँध थाप्न तयार हुनुपर्ने मान्यता राख्दै उनले कविताको विषय निर्माण गरेका छन् । देशको स्वाभिमान र अस्तित्व बचावटका पक्षमा उनले गम्भीर आवाज सम्प्रेषण गरेका छन् । राष्ट्रमाथि उत्पन्न भएका खतराका सङ्केतहरूलाई उनले निम्नलिखित कवितांशमा प्रस्तुत गरेका छन् :

हातखुट्टामा घाउ लाग्न सक्छ
तर हिमाललाई कहिल्यै घाउ लाग्न दिनु हुँदैन
आँखा र कानहरूमा फल्न सक्छन् भ्रमका लहरहरू
हिमालमा धमिलो रङ्ग मिसिन सक्दैन
हिमाललाई हिमाल नै रहन देऊ
हिमालको बर्खिलापमा कुनै सपना र कुनै तेलचित्र कोरिन सक्दैन । (पृ.४४)

उद्धृत कवितांशमा कविले नेपाल र नेपालीको स्वाधीनता बचावटका पक्षमा प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् । नेपाली भूमिमाथि उभिएर धमिलो खेलको सपना देख्नेहरूमाथि खबरदारी गर्दै उनले स्वाधीनता रक्षाका पक्षमा प्रतिरोधी आवाज ध्वनित गरेका छन् । उनले राष्ट्रियताका विरुद्धमा हुने कुनै पनि क्रियाकलाप सच्चा देशभक्तका लागि सह्य नहुने विचार व्यक्त गरी राष्ट्र र राष्ट्रियताको बचावटका पक्षमा प्रतिरोधी अभिमत व्यक्त गरेका छन् ।

परिवर्तनका पक्षधर भनिएकाहरूले सत्तामा उक्लिएपछि धरातल बिर्सिएका कारण देशको अवस्था नाजुक बन्न पुगेको विषय प्रस्तुत गरी कविले देशलाई आफ्नो स्वार्थपूर्तिको माध्यम बनाई खतराको भुमरीमा फसाएर नाफाको राजनीति गरिरहेका सत्ताधारीप्रति असन्तुष्टि र असहमति प्रकट गरेका छन् । । देशलाई दुर्दशामा फसाउनेहरूका विरुद्धमा प्रतिरोध प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

देशलाई च्युरा मुछेर चपाइरहेछन् केही मान्छेहरू
जसले जे गरे पनि चुपचाप सहने मेरी आमाजस्तो
युगौ युगदेखि उठेको देशको नीलडामविरुद्ध उभिएको छु

...म देश कफनमा च्यानाकुटीभ्याइँ बजेर हिँडिरहेको हेर्न सक्दिनँ । (पृ.५७)

प्रस्तुत प्रसङ्गमा स्वार्थसँग देशलाई साट्न तयार हुनेहरूका विरुद्धमा प्रतिरोध अभिव्यक्त गरिएको छ । देशमाथि भएका धोकाहरूको समीक्षा गर्दै त्यसका विरुद्धमा आवाज उठाई देशको दुर्दशा टुलुटुलु हेरेर बस्न नहुने धारणा अभिव्यक्त गरिएको यस प्रसङ्गमा देशप्रेमका पक्षमा आवाज उठाइएको छ ।

कविले देशलाई हिमालका सादृश्यमा राखेर हेरेका छन् । उनले नेपाली स्वाभिमानका विरुद्ध षड्यन्त्र गर्नेहरूको अस्तित्व समाप्त भएर जाने दाबी गरेका छन् । उनले देशविरुद्ध उत्रिनेहरू नेपालीहरूको प्रतिरोधका अघि टिक्न नसक्ने धारणा राखेका छन् । स्वाधीनताका पक्षमा आवाज उठाउँदै उनले भनेका छन् :

हिमालबाट होसियारीपूर्वक सेकिनु
जथाभावी हिमाल ताप्न थाल्यौ भने
डढेर खाक बन्नेछौ कुनै क्षण । (पृ.७२)

उद्धृत कवितांशमा कविले नेपालीहरूको स्वाधीनताको परिचय दिएका छन् । नेपाली स्वाभिमानलाई गलत रूपमा बुझ्ने र व्याख्या गर्ने परिपाटीका विरुद्धमा उनले प्रतिरोधी विचार प्रस्तुत गरी स्वाधीनताको चेतनालाई प्रकाशमा ल्याएका छन् ।

नेतृत्वको असल चरित्र नदेखेपछि आक्रान्त भएका नेपाली जनताको प्रतिरोधी आवाज उठाएर कविले राष्ट्रियताका सन्दर्भमा सबल वैचारिकता निर्माण गरेका छन् । नेपाल र नेपालीको स्वाभिमानलाई कुर्सीमोहमा परी नामेट पार्ने षड्यन्त्र भइरहेको अवस्थालाई सङ्केत गर्ने क्रममा कवि लेख्छन् :

कुर्सी ठिङ्ग उभिइरहन्छ
मान्छेलाई भुलाइरहन्छ
हिमाल स्वाभिमानको धरोहर हो
हिमालमाथि कुनै कुर्सीको पाइताला पर्न दिने छैन । (पृ.८६)

प्रस्तुत कवितांशका माध्यमबाट कविले नेपाली राजनीतिमा निर्मित षड्यन्त्र र त्यसको चरित्रलाई प्रस्ट पारेका छन् । स्वार्थी राजनीतिक नेतृत्वका कारण नेपाल र नेपालीको स्वाभिमान सङ्कटमा परेको सन्दर्भ उद्घाटन गरी उनले त्यस्ता फोहोरी खेलविरुद्ध उभिन ढिलाइ गर्न नहुने प्रतिरोधी आवाज ध्वनित गरेका छन् ।

यस कविताकृतिका कवितामार्फत कविले मौलिक नेपाली संस्कृति निर्माणका पक्षमा रुचि देखाएका छन् । हामीले निर्माण गरेको संस्कृतिमा आयातित संस्कृतिको वर्चस्व रहेको प्रस्ट पार्दै उनले आफूलाई नचिनी आफ्नो भूमिलाई सही पहिचान र दिशा दिन नसकिने विचार व्यक्त गरेका छन् । नेपालीहरूले सांस्कृतिक औपनिवेशिकताविरुद्ध उभिई माटोअनुसारको मौलिक संस्कृतिक निर्माण गनुपर्ने उनको ठहर छ । पहिचानको बाटो निर्माण गर्दा आफूलाई चिन्न सक्नुपर्ने धारणा प्रस्तुत गर्दै उनले निम्नलिखित विचार अघि सारेका छन् :

आर्किमिडिजहरूले मात्र पुग्दैन हिमाललाई
हब्स, लक र रुसोहरूसँग पनि सन्तुष्ट छैन हिमाल
मार्क्सका ठेलीहरू अपुरा भए, भए अपुरा सबै धर्मका दर्शनहरू
हिमाल छुँदैमा कहाँ गाँसिन्छ र हिमालसँगको नाता
हिमालका दर्शन र आविष्कार

अहिलेसम्म कसैले कोट्याएकै छैन । (पृ.६०)

प्रस्तुत कवितांशमा कविले नेपाल निर्माणका लागि नेपालीहरूको साझा संस्कृति निर्माण हुनुपर्ने विचार राखेका छन् । अरूको अन्धानुकरणले हाम्रो माटोलाई सही दिशा दिन नसक्ने धारणा सार्वजनिक गरी उनले सांस्कृतिक प्रभुत्वका विरुद्धमा प्रतिरोध प्रस्तुत गरेका छन् । माटाको सुगन्ध बुझी संस्कृति चिनेर विकासका प्रयासहरू अघि बढाउन सकेमा सांस्कृतिक औपनिवेशिकताबाट मुक्त हुन सकिने उनको विश्लेषण छ ।

भूमण्डलीकरणका नकारात्मक प्रभावहरूको तीव्र विस्तारका सम्बन्धमा कविले सचेतनाको आवाज प्रस्तुत गरेका छन् । पूँजीवादी अर्थसंस्कृतिको विस्तारका कारण हामीले भोग्नुपरेको सांस्कृतिक प्रभुत्वको विषयलाई उनले कविताको विषय बनाएका छन् । हामीले बेहोर्नु परेको सांस्कृतिक अधीनस्थताको सन्दर्भ उद्घाटन गरी उनले स्वाधीनताको आवाज अघि बढाएका छन् । सांस्कृतिक अधीनस्थताको विषय अभिव्यक्त गरी स्वाधीनतासम्बद्ध सचेतना प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित विचार व्यक्त गरेका छन् :

गाउँ भत्किएको छ सडक खन्ने नाममा
मान्छेहरू सबै काम छोडेर नेता बन्न दौडिएका छन्
सेलफोनमा टाँसिएका छन् अहोरात्र आँखाहरू । (पृ.८१)

उल्लिखित कवितांशमा विकासको मौलिक शैली निर्माण हुन नसक्दा भोग्नुपरेको विनाशको परिणाम सार्वजनिक गरिएको छ । उपलब्धिलाई सही मूल्याङ्कन गर्न नसक्दा प्राप्त भएको परिणाम नै भारी बन्न पुगेको यथार्थको खुलासा गर्दै यस प्रसङ्गमार्फत साइबर संस्कृति र पूँजीवादी अर्थसंस्कृतिको प्रभावमा परेको हाम्रो सांस्कृतिक धरातल र त्यसका कारण निम्तिन सक्ने खतरालाई सङ्केत गरिएको छ । यसका साथै, यस दिशामा समयमै सचेत हुन सबैलाई आग्रहसमेत गरिएको छ ।

साइबर संस्कृतिको प्रभावले नेपाली समाजमा पुऱ्याएको असरको लेखाजोखा गरी कविले सचेत आवाज अघि बढाएका छन् । हाम्रो सांस्कृतिक अधीनस्थताको अवस्थामाथि चिन्ता व्यक्त गर्दै यतातिरको सचेतनाका सम्बन्धमा कविको विचार निर्माण भएको देखिन्छ । भर्चुअल विश्वको अनुकरणमा रहेको नेपाली संस्कृतिको अवस्था प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

खेलाडीहरू खेलाडीसँग होइन
प्रतिस्पर्धारत छन् डोपिङसँग
यो सारा विश्व लुकिसकेको छ
भर्चुअल विश्वका् मुठीभित्र
लुकाउने जतिको बजार फैलिरहेछ
देखाउने जतिको व्यापार खुम्चिरहेछ । (पृ.८३)

उद्धृत कवितांशमा साइबर संस्कृतिको प्रभावको विश्लेषण गरिएको छ । यसमा साइबर संस्कृतिप्रतिको चासो र चिन्ता नेपाली मौलिक संस्कृतिको जगेर्नाका पक्षमा रहेको देखिन्छ । पूँजीवादी अर्थसंस्कृतिले व्यापारका नाममा खेलेको खेललाई समीक्षा गरिएको कविताको उल्लिखित प्रसङ्गमा नेपाली समाजले भोग्नुपरेको सांस्कृतिक अधीनस्थताको समीक्षा गरिएको छ । सांस्कृतिक प्रभुत्वका विरुद्धमा प्रकटित प्रस्तुत प्रतिरोधी विचार स्वाधीनता जागृतिको उपयुक्त दृष्टान्त बन्न पुगेको छ ।

## मानवताका विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिमा कविले मानवीय संवेदना फितलो बनी मानवताको विषय कमजोर हुनपुगेको विषयलाई उठान गरी कविताको विषय प्रस्तुत गरेका छन् । उनले मानवीय संवेदनाको बढ्दो क्षयीकरणको सन्दर्भ उल्लेख गरी त्यसका विरुद्धमा प्रतिरोधी विचार प्रस्तुत गरेका छन् । उनले हिमाल र हिमसंस्कृतिको सन्दर्भ अभिव्यक्त गरी मानवीय स्वभावको विषयलाई चिनाएका छन् । मानिस-मानिसबिचको नाताका अघि अन्य सबै विषय फिका हुने उनको तर्क छ । हिमाल जात, धर्म, भाषा र रङ्गभन्दा माथिको मन्त्र हो भन्दै उनले हिमालका छातीमा समुद्र रहेको र त्यसलाई विनासर्त दान गर्ने हिमाकाङ्क्षा पनि रहेको रम्य कल्पनासमेत प्रस्तुत गरेका छन् (अवस्थी २०७६, भूमिका खण्ड) । उनले मान्छेलाई पहिलो स्थानमा राखी त्यसपछि मात्र अन्य विषयलाई स्थान दिइनुपर्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । मानवताको विषयलाई कवितामा प्रस्तुत गर्ने क्रममा कवि लेख्छन् :

हिमाल मात्र होइन

हिमकुहिरो मात्र बन्न सक्छौ भने तिमी
संसारभर खुसी नै खुसीको तरङ्गमा
डाँडा र मैदान जता मन लाग्छ
फुरफुर फुर्किएर समयसँगै हिँड्नुको विकल्प छैन । (पृ.२)

प्रस्तुत साक्ष्यमा कविले मान्छेका बिचको नातालाई असल रूपमा स्थापना गरी शान्तिको लहर सिर्जना गर्न सकिने मानवतावादी विचार व्यक्त गरेका छन् । विश्वमा बढ्दै गएको द्वन्द्व र यसले निम्त्याएको अशान्तिलाई शान्तिमा रूपान्तरण गर्ने उनको चाहना यस सन्दर्भमा प्रकटित छ । मानवताको नातालाई हृदयमा सजाउने मान्छेको खोजी गर्दै उनले विकास हुन नसकेको मानवीय नाताका सम्बन्धमा तीव्र असन्तुष्टि जाहेर गरेका छन् । यो उनको मानवताविरोधी भावनाका विरुद्धमा जागृत भएको प्रतिरोधी विचार हो ।

धर्म, राजनीति, जातीयता आदिसँग जोडिएको असान्दर्भिक राजनीतिक आवाजले मानवताको नातालाई जरैबाट हल्लाएको विषयमा कविको सचेत कलम सचेतनाको लय सिर्जना गर्दै अघि बढेको छ । विश्वपरिवेशदेखि नेपाली जनजीवनसम्म मानवताविरोधी अभिमत प्रस्तुत गर्नेहरूका विरुद्धमा उनको सचेतना खबरदारीका रूपमा प्रकट भएको देखिन्छ । मानवताको नातालाई नजोगाई अन्य विषयमा प्रवेश गर्न नहुने सन्दर्भ प्रस्तुत गर्ने क्रममा कवि बोल्छन् :

...तर तिनीहरू सधैँ मसँग
राजनीतिक रङ्गको प्रमाणपत्र माग्छन्
धर्मको गन्धको प्रमाणपत्र माग्छन्
जात र रूपको वर्गीकरण माग्छन्
मलाई सग्लो हिममान्छे बनेर बाँच्न किन दिइएको छैन ?
कि यो संसारमा विभाजित नभई कसैलाई बाँच्ने अधिकार छैन ?
मेरा प्रश्नको मूल फुट्न थालेपछि कान थुन्न थाल्छन् कुर्सीहरू । (पृ.८२)

प्रस्तुत कवितांशमा राजनीतिक स्वार्थले खेलेको विभाजनको खेलमा मिसिएको स्वार्थी प्रवृत्तिको विश्लेषण गरिएको छ । मानिसको प्रथम परिचय मानिस नै हो भन्ने बिर्सिएर आजका मानिसले थालेको स्वार्थको राजनीति मानवताविरोधी अभिव्यक्तिबाहेक अरू केही पनि हुन नसक्ने निचोडमा उद्धृत प्रसङ्गलाई पुऱ्याइएको छ । सत्ताको मोहमा परी मानवताको नाता कुल्चिएर अघि बढ्ने प्रवृत्तिप्रति असन्तुष्टि प्रकट गरी कविताको यस सन्दर्भमार्फत मानवताका पक्षमा विशिष्ट प्रतिरोध ध्वनित गरिएको छ ।

## निष्कर्ष

*हिमालका आवाज* कविताकृतिका कवितामा हिमसंस्कृतिको अवलोकनपश्चात् हिमाली भूभागको विविधतालाई पर्यावरणीय चेतनासँग जोडेर प्रस्तुत गरिएको छ । पर्यावरणीय चेतनाको प्रस्तुतिका दृष्टिकोणबाट प्रस्तुत कृतिका कविता महत्त्वपूर्ण देखिएका छन् । जातीय, वर्गीय र लैङ्गिक विषयमा कायम गरिएको प्रभुत्वलाई निस्तेज पार्नका लागि सचेत प्रतिरोध आवश्यक भएको तर्क राख्दै विश्लेष्य कवितामा नेपाली संस्कृतिको संरक्षणका लागि उत्पन्न विकृतिविरुद्ध प्रतिरोधी कदम चाल्न ढिलाइ गर्न नहुने निष्कर्ष निकालिएको छ । यसका साथै, देशप्रेमका विषयमा सचेतनाको आवाज उठान गरी सांस्कृतिक, प्राकृतिक तथा मानवीय सम्बन्धको संवेदनशीलताप्रति सजग रहन आग्रहसमेत गरिएको छ । यसमा सत्ताले अभ्यास गरेको शक्तिका कारण सिर्जित प्रभुत्वविरुद्ध प्रतिरोध प्रकट गरी राज्यसत्ताको स्वार्थी चरित्रका कारण राष्ट्रियता खतरामा परेको विषयमा चिन्ता र चासो व्यक्त गरिएको छ । स्वाधीनताको आवाजलाई बुलन्द गरी यी कविताहरूमा मानिसको गैरजिम्मेवार चरित्र नै पर्यावरणीय सङ्कटको प्रमुख कारण बन्न पुगेको विश्लेषण गरिएको छ । साथै, पर्यावरणीय सङ्कटको विषयलाई न्यूनीकरण गर्नका लागि समयमै सचेत हुन नेपाली जनतालाई आग्रह गरिएको छ ।

सांस्कृतिक सचेतनाका सन्दर्भमा वर्तमान नेपाली समाजको परिदृश्य प्रस्तुत गरी हामीले बेहोरेको सांस्कृतिक अधीनस्थता र त्यसको कारणको समीक्षा गरिएको छ । मानवीय सम्बन्ध, स्वभाव र मानवतामा प्रवेश गरेको राजनीतिक स्वार्थ तथा त्यसको असरमाथि विमर्श गरी त्यसविरुद्ध एकजुट हुन सचेतना ध्वनित गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक र पर्यावरणीय विषयमा हाम्रो समाज सचेत हुन नसकेको ठहर गरी त्यस दिशामा प्रतिरोध विस्तार गर्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ । शासकीय अकमर्ण्यताका कारण राष्ट्रियता र मानवतामाथि भइरहेको सांस्कृतिक अतिक्रमणविरुद्ध उभिन ढिलाइ गर्न नहुने तर्क अघि सारिएको छ । नेपाली संस्कृतिलाई हिमसंस्कृतिका रूपमा चिनाउँदै साझा संस्कृतिमार्फत हाम्रो साझा पहिचान निर्माण गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गरी स्वाधीनताका पक्षमा सचेत सन्देश प्रवाह गरिएको छ । नेपाली समाजको साझा संस्कृति निर्माणका पक्षमा अभिव्यक्त विचार, पर्यावरणीय चेतना तथा स्वाधीनताको जागरणका पक्षमा प्रकटित विचार नै प्रस्तुत कविताकृतिका कविताको वैचारिक निष्कर्ष हो, जसलाई यस अध्ययनको मुख्य प्राप्तिका रूपमा स्विकार्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अवस्थी, महादेव (२०७६). पुडासैनीको साहित्ययात्रागत परिपक्व जैविकीका नवीन प्राप्तिका रूपमा हिमालका आवाज. दामोदर पुडासैनीद्वारा लिखित *हिमालका आवाज* (भूमिका खण्ड). दोभान प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८ असार/२०६८ साउन). *सिद्धान्तका कुरा* (दोस्रो संस्क.). अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ज्ञवाली, विष्णुप्रसाद (२०७५ असार). गहुँगोरो अफ्रिका कवितामा ज्ञान, पहिचान र शक्तिसंरचना. *RR Interdisciplinary Journal*, २, ५०-६४ ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास.* तन्नेरी प्रकाशन ।

घिमिरे, निमग्ना (२०७९). *नेपाली कवितामा राष्ट्रिय स्वाधीनता चेत.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). साहित्य पठन र मीमांसाको पृथक् अभ्यास. विष्णुप्रसाद ज्ञवालीद्वारा लिखित *सांस्कृतिक अध्ययन र विकलका उपन्यास* (भूमिका खण्ड). तन्नेरी प्रकाशन ।

पुडासैनी, दामोदर (२०७६). *हिमालका आवाज.* तन्नेरी प्रकाशन ।

भण्डारी, यादवप्रसाद (२०७२). *अलिखित उपन्यासको सांस्कृतिक अध्ययन* [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध]. नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

भण्डारी, हेमबहादुर (२०७५, मङ्सिर). उज्यालो खोजिरहेको घाम कविताकृतिमा नारी. *दीक्षान्त,* १ (१), ७१-९३ ।

भण्डारी, हेमबहादुर (२०७८, कार्तिक). शहरविनाको शहर कविता कृतिमा पर्यावरणीय चेतना. *कलादर्पण,* २ (१), ३०-४० ।

राई, यशोदा (२०७८ माघ-२०७९ असार). खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना. *प्रज्ञा,* १२३ (१), १५४-१६५ ।

सुवेदी, अभि (२०६८). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (पृ.१२५-१३९). रत्न पुस्तक भण्डार ।

Maase, Kaspar (2017).Popular Culture, Resistance, Cultural Radicalism and Self-Formation. *Resistance* edited by Martin Butler, Paul Mecheril & Lea Brenningmeyer (p.45-70). Center for Migration, Education and Cultural Studies.

Raby, Rebecca. (2005 June). What is Resistance?. *Journal of Youth Studies*, 8 (2), 151-171.